# बागलुङ नगरपालिकाको २१ औ नगरपरिषद समक्ष नगर प्रमुख एवं कार्यकारी अधिकृतद्धारा प्रस्तुत नीति, कार्यक्रम तथा वजेट

वागलुङ नगरपालिकाको २१ औ नगर परिषदबाट पारित नीति, कार्यक्रम तथा वजेट सार्वजनीक समारोहका प्रमुख अतिथि नेपाल सरकार,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्रीमान माधव प्रसाद रेग्मी ज्यू, विशिष्ट अतिथि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह सचिव ज्यू, बागलुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी ज्यू, स्थानीय विकास अधिकारी ज्यू, जिल्ला स्तरिय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, पोखरा उप-महानगरपालिका, कुश्मा, वेनी नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत ज्यूहरु, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नगर स्तरिय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, पूर्व नगर संयन्त्रका पदाधिकारी ज्यूहरु, पूर्व नगर प्रमुख एवं निर्वाचित जन प्रतिनिधि ज्यूहरु, नगर विकास समितिका अध्यक्ष ज्यू, उद्योग वाणिज्य संघका अध्यक्ष ज्यू, एकीकृत योजना तर्जुमा समितिका सदस्य ज्यूहरु, क्याम्पस प्रमुख ज्यू, महिला, आदिवासी, जनजाति, दलित अपांग र वालवालिका नगर समन्वय समितिका उपाध्यक्ष एवं प्रतिनिधिज्यूहरु, स्थानीय शान्ति समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु, वडा नागरिक मञ्चका अध्यक्ष एवं सम्पूर्ण सदस्यज्यूहरु, पत्रकार महासंघका अध्यक्ष एवं पदाधिकारी ज्यूहरु, गैर सरकारी एवं सामुदायिक संघ संस्थाका प्रमुख एवं प्रतिनिधि, टोल विकास समितिका अध्यक्ष एवं सदस्यहरु, नागरिक सचेतना केन्द्रका अध्यक्ष एवं सदस्यहरु, फोहरमैला व्यवस्थापन समितिका अध्यक्ष एवं सदस्यहरु, राजनैतिक, सामाजिक, शैक्षिक क्षेत्रमा क्रियाशिल विशिष्ट महानुभावहरु, संचारकर्मी पत्रकार मित्रहरु लगायत सम्पूर्ण अतिथि ज्यूहरु, नगरवासी सम्पूर्ण महिला तथा सज्जनबृन्द, कर्मचारी मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु ।

सर्वप्रथम यस पावन अवसरमा म राष्ट्र र जनताका लागि आफ्नो जीवन समपर्ण गर्नु हुने ज्ञात अज्ञात वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । साथै यस नगरपालिकाका पूर्व निर्वाचित प्रमुख लगायत अन्य स्वर्गारोहण हुनु भएका पूर्व जनप्रतिनिधि प्रति समेत हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहान्छु । शहीदहरुका सपना र अग्रजहरुका मार्गदर्शन अनुरुपको नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने यात्रामा हामी सवैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु । साथै यस बागलुङ नगरपालिकाको २१ औ नगर परिषदको सार्वजनिक समारोहमा उपस्थित भई यस समारोहको गरिमा वढाई दिनु हुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, एवं अन्य अतिथिज्यूहरु र सम्पूर्ण महानुभावहरु प्रति हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्न चाहान्छु ।

बागलुङ जिल्लाको जिल्ला सदरमुकाम, पौराणीक एवं धार्मिक नदी कालीगण्डकीको किनार, पवित्र धार्मिक स्थल कालिका भगवतीको काखमा अवस्थित समग्र जिल्लाको आर्थिक, सामाजिक, धार्मिक, पर्यटकीय, शैक्षिक दृष्टिले महत्वपूर्ण केन्द्रको रुपमा रहेको यस बागलुङ नगरपालिकाको २१ औ नगर परिषद मार्फत आ.व. २०७३/०७४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा म अत्यन्तै गौरवान्वित र खुसी भएको छु । जनताले आफ्नो आवश्यकता लाई सम्बोधन गर्ने योजना

आफ्नै सहभागितामा छनौट सर्न सकुन भन्ने सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप सवै वडा वासीहरुको व्यापक सहभागिता र वडा नागरिक मञ्चको पूर्ण सक्रियतामा वडा स्तरिय योजना तर्जूमा तथा विषयगत योजना तर्जुमा गोष्ठी हुँदै एकीकृत योजना तर्जुमा गोष्ठीमा विभिन्न सरोकारवालाहरु संग अन्तरक्रिया, छलफल र समन्वय गरी नगरपालिकाको वोर्ड बैठकबाट पारित आगामी आ.व. २०७३/०७४ को वार्षिक नगर विकास योजनाको प्रस्तावित नीति, कार्यक्रम तथा बजेट सहित यहाँहरु सामु उपस्थित भएको छु । हामी अपेक्षा गर्दछौ, प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने समयसम्ममा हाम्रा स्थानीय निकायहरुमा निर्वाचित जन प्रतिनिधिहरु वहाल भई राजनैतिक स्थिरता सहित यी निकायहरुले पूर्णता प्राप्त गर्ने छन् । साथै स्थानीय स्तरमा उपलब्ध हुने श्रोत, साधन, सीप र प्रविधिको अधिकतम परिचालन गर्दै स्थानीय आवश्यकता अनुरुपका विकास कार्यक्रम संचालन गरी जन आवश्यकता अनुसार सेवा प्रवाह गर्न स्थानीय निकायहरु सक्षम एवं सशक्त हुनेछन् ।

प्रस्तुत नीति, कार्यक्रम तथा वजेट स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली २०५६, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ तथा सो सम्बद्ध नियमावली एवं कार्यविधिहरुले निर्दिष्ट गरेका योजना प्रकृयालाई अवलम्बन गरी सहभागिता मुलक ढंगले तर्जुमा गरिएको छ । विशेष गरी नगरपालिकाको आवधिक योजना, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्ग दर्शन, त्रिवर्षिय योजना, सहस्रब्दी र दीगो विकास लक्ष्य, क्षेत्रगत राष्ट्रिय नीतिहरु एवं योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, गत तथा चालु आ.व. का नीति तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारिताबाट प्राप्त सिकाईहरु समेतका आधारमा आगामी आ.व. का लागि प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । यस नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट नगरपालिकाले लक्षित गरेका उदेश्यहरु हासिल गर्नका साथै राष्ट्रिय लक्ष्य हासिल गर्न समेत टेवा पुग्न जाने विश्वास लिईएको छ ।

राष्ट्रिय विकासका दृष्टिले बागलुङ नगर क्षेत्र नेपालको पूर्व पश्चिम जोड्ने मध्य पहाडी लोकमार्ग तथा उत्तर दक्षिण जोड्ने कालीगण्डकी कोरिडोरको Transit Point मा पर्ने भएकोले यसको व्यापारिक तथा पर्यटकीय महत्व अपार रहेको छ । यस नगरपालिकाको प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विविधता एवं भौगोलिक अवस्थितिका आधारमा विकासका पूर्वाधारहरु तय गर्दै जानु पर्ने विधमान अवस्थालाई मध्यनजर गर्दै यस नगरपालिकाले नगरलाई "**मध्यपहाडि व्यापारिक तथा पर्यटकीय शहर, सुन्दर, समृद्ध, सांस्कृतिक बागलुङ नगर**" को दीर्घकालिन Vision तय गरी नगर विकासका समग्र योजना तथा कार्यक्रमहरु तय गर्दै कार्यान्वयन गर्दै आईरहेको छ । स्थानीय तहमा क्रियाशिल राजनैतिक दलहरु, स्थानीय समुदाय र नगरपालिकाको संयुक्त प्रयासमा स्थानीय श्रोत, साधन र क्षमतालाई अधिकतम रुपमा परिचालन गरी सामाजिक, आर्थिक तथा संस्थागत र भौतिक पूर्वाधार विकास एवं क्षमता विकासका कार्यक्रमहरु मार्फत विकासका प्रयासहरुलाई अगाडि वढाईएको छ । हामीसंग उपलब्ध अपार प्राकृतिक सम्पदाहरु, पर्यटकीय संभावनाहरुलाई महत्तम रुपमा उपयोग गरी सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नु पर्ने चुनौती हाम्रा सामु विधमान रहेको छ ।

नगरका धेरैजसो वडाहरु पहाडी भेकको रुपमा रहेका र त्याहा अझै पनि आधारभुत पूर्वाधारहरु पुग्न सकेका छैनन् । युवा शक्ति रोजगारीका सिलसिलामा विदेशियका कारण कृषि उत्पादन ह्रासोन्मुख रहेको छ । न्यून श्रोत साधनका कारण नगरवासीहरुको माग र चाहना अनुसार आधारभूत संरचनाहरुको निर्माणका साथै संभावित सम्पदाहरुको यथोचित विकास, प्रचार, प्रशार प्रवर्द्धन गर्न सकिएको छैन । बागलुङ नगर समग्र बागलुङ जिल्लाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेकोले यस नगरलाई केन्द्र बनाई नेपालको प्रसिद्ध ढोरपाटन शिकार आरक्षसम्मको पर्यटकीय मार्ग निर्माण गर्न आवश्यक रहेको तथ्यलाई संस्थागत रुपमा उठाउदै यस नगरका पर्यटन विकासका संम्भावना बोकेका क्षेत्रहरु कालिका भगवती , सर्वसिद्धिधाम, मुक्तिनाथ वेद विद्याश्रम, निरयघाट तथा खुदुर्केघाट, कैलाम पोखरी, मालिका भगवती, कारीकोट, माझकोट, रायरायकोट, संसारकोट, काली गण्डकी र काठेखोला जस्ता क्षेत्रहरुको अध्ययन गरी बागलुङमा धार्मिक, सांस्कृतिक, प्राकृतिक, जैविक तथा पर्यावरणीय पर्यटनका संभावना र अवसरहरुको उपयोग गर्दै जानु पर्ने अवस्था विधमान रहेको छ ।

नगरपालिकालाई प्राप्त सीमित कराधार र त्यसको पूर्ण उपयोग गर्न सक्ने नगरपालिकाको कमजोर आन्तरिक क्षमताका कारण आन्तरिक आयमा समयानुकुल बृद्धि हुन नसकेको यथार्थता र अर्को तर्फ नेपाल सरकार तथा दातृ निकायबाट प्राप्त हुने अनुदान सहयोग तथा कार्यक्रममा उत्साहजनक रुपमा बृद्धि हुन सकेको छैन । जसका कारण नगर विकासका आवश्यकीय पूर्वाधार निर्माणका कामहरुमा प्रर्याप्त मात्रामा श्रोतको विनियोजन गर्न सकिएको छैन । उल्लेखित चुनौतीहरुको समाना गर्न सरकार, गैर सरकारी, नीजिक्षेत्र एवं स्थानीय समुदायको अग्रसरता, सहयोग, समन्वय, सहभागिता, सहमती र समझदारीबाट मात्र संम्भव रहेको छ । यस अवस्थामा हामीले रोजगारी र आय आर्जनका अवसरहरु बृद्धि गर्न कृषि उत्पादनमा बृद्धि, पशुजन्य व्यवसायको संरक्षण र विविधिकरण, सहकारी प्रवर्द्धन, आधारभूत शहरी पूर्वाधारहरुको विकास ग्रामीण र शहरी क्षेत्र वीचको अन्तर सम्बन्ध कायम गर्दै उत्पादशील क्षेत्रमा लगानी अभिबृद्धि गरी विकास प्रकृयामा सवै वर्ग, क्षेत्रका समुदायहरुलाई परिचालन गर्न सकेमा मात्र परिर्वतनमुखी र परिणाममुखी विकास संभव हुने देखिन्छ । यस अवसरमा समावेसी समन्यायिक तथा परिणाममुखी विकासको प्रयासमा जुट्न समस्त उद्यमी, व्यवसायी, नागरिक समाज, राजनैतिक दलका पदाधिकारी, सरकारी तथा गैर सरकारी निकायहरु स्थानीय समुदायहरु, संघ संस्थाहरु एवं सम्पूर्ण नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

नगरपालिका सरकारको कुनै क्षेत्रगत/विषयगत कार्यालय मात्र नभएर जनताको सवैभन्दा नजिकको सरकार हो । स्थानीय सरकारको रुपमा जनताका प्रत्यक्ष सरोकार सम्पूर्ण पक्षहरुको सम्बोधन गर्नु पर्ने यस्ता महत्वपूर्ण निकायहरु लामो समयसम्म जनप्रतिनिधि विहिन रहनु आफैमा ठुलो विडम्बनाको रुपमा रहेको छ । यस जन प्रतिनिधि विहिन जटिलता एवं विषम परिस्थितीमा पनि नगर स्तरिय राजनैतिक दलका पदाधिकारी ज्यूहरुसंग उच्चतम समन्वय कायम गरी उपलब्ध सीमित श्रोत र साधनको अधिकतम परिचालन गर्दै वढदो शहरीकरणको व्यवस्थापन तथा जनतालाई आधारभूत शहरी सेवा उपलब्ध गराउने काममा कुनै किसिमको कमी कमजोरी हुन नदिन सिंगो नगरपालिका परिवार जिम्मेवार भई निरन्तर प्रयासरत रहेको कुरा यहाँहरु सवैमा अनुरोध गर्न चाहान्छु । साथै वर्तमान

परिस्थितिमा समुदायमा आधारित वडा नागरिक मंञ्च, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, नागरिक समाज एवं विभिन्न पेशागत संघ संगठनहरुले, नगरपालिका र नगरवासी वीच एक विश्वासिलो सेतुको रुपमा काम गरि आएको छ । निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था हुन नसके तापनि जनमुखी एवं जिम्मेवार राजनैतिक दलहरुको सहमती, समन्वय, सहयोग र सहकार्यमा बागलुङ नगरपालिका आफ्नो घोषित लक्ष्य हासिल गर्न अविचलित रुपमा कार्यरत रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । यद्यपि हामी कर्मचारीहरुबाट जनप्रतिनिधिको भूमिका समेत निवाह गर्नु प्रजातन्त्र एवं लोकतन्त्रको मर्म विपरित हुने वास्तविकतालाई दृष्टिगत गर्दै स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधिहरुको यथाशिघ्र परिपूर्तिका लागि यस गरिमामय सभा मार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

धौलागिरी अञ्चलकै सदरमुकामको रुपमा स्थापित यस नगरमा बढदै गएको शहरीकरण र जनसंख्या बृद्धिको चापले सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधाको मागमा थप दवाव पर्न गएको र यसलाई सम्बोधन गर्ने सन्दर्भमा व्यवस्थित शहरीकरण तर्फ ध्यान पुऱ्याउदै नगरको एक छुट्टै पहिचान कायम गर्न ढिलो गर्न नहुने तर्फ सम्पूर्ण नगरवासीहरु चनाखो हुनु पर्ने देखिन्छ । यसका लागि नगरको क्षेत्रगत दीर्घकालिन नीति तर्जुमा गरी कार्यान्वयन गर्नका लागि विकासका साझेदारहरुको पहिचान र उपयोग जस्ता विषयमा परम्परागत ढंगबाट मात्र नभई दीर्घकालिन एवं रणनीतिक दृष्टिकोणबाट सोच्न र सोही अनुसार अल्पकालिन, मध्यकालिन, दीर्घकालिन योजना सहित अघि वढनु पर्ने वेला आईसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु । व्यवस्थित वस्ती विकासको योजनालाई समयमै कडाईकासाथ कार्यान्वयनमा ल्याउन नसकिएकोले शहरी वडाहरुमा जग्गाहरु अति खण्डीकरण भएका र सडकहरु सागुरा भई घना वस्ती क्षेत्र कष्टकरपूर्ण वन्दै गएका छन् । जसका कारण वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ लागु गर्न समेत कठिनाई उत्पन्न भएको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

यस नगरपालिकामा रणनीतिक हिसावले आर्थिक तथा सामाजिक विकासका प्रचुर संभावना हुँदा हुँदै पनि आन्तरिक श्रोत र साधनको न्यूनताका कारण हाम्रा विकासका प्रयासहरु नेपाल सरकारको अनुदानमा नै पूर्ण निर्भर रहेको छ । नगरपालिका लाई प्राप्त सीमित श्रोत साधनबाट नगरवासीहरुका असीमित आवश्यकताहरु पूरा गर्न अवश्य निकै कठिनाई छ । तथापि उपलब्ध श्रोत र साधनको महत्तम उपयोग गर्दै योजना तर्जुमा गर्दा सवै वर्ग क्षेत्र, लिङ, समुदायको सहभागिता रहन सकोस भन्ने तर्फ ध्यान दिदै सरोकारवाला वर्ग, क्षेत्रबाट प्राप्त सुझाव एवं मागहरु लाई प्राथमिकताको आधारमा रकम विनियोजन गरी आगामी आ.व. २०७३/०७४ को नीति, कार्यक्रम तथा वजेट कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ ।

श्रद्धेय नगरवासी दाजुभाई तथा दिदी  बहिनीहरु,

आगामी आ.व. को नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्नु भन्दा पहिले गत आ.व. २०७१/०७२ को यथार्थ आय व्यय एवं चालु आ.व. २०७२/०७३ को संशोधित आय व्यय सम्बन्धी विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

गत आ.व.२०७१/०७२ का लागि केन्द्रीय अनुदान, केन्द्रीय स्तरका कार्यक्रमहरु सामाजिक सुरक्षा कार्यक्रम,उदीयमान नगरपरियोजना, आन्तरिक आय राजश्व बाँडफाँड, सामाजिक परिचालन, शहरी गरिवि न्युनिकरण कोष लगायतका कोष व्यवस्थापन, शहरी स्वास्थ्य केन्द्र सञ्चालन लगायतका शीर्षकहरुवाट कुल २१,८३,२०,९१५।६० संशोधित आय अनुमान गरिएकोमा स्थानीय कर दस्तुर तर्फ रु १,२४,९६,४८८।२७ राजश्व बाँडफाँड तर्फ रु ६७,५२,०७१।- न.पा.अनुदान पुंजिगत, रु १,०४,५४,७३७।- स्थानीय विकास शुल्क पुंजिगत, ४८,७०,०००।- स्थानीय विकास शुल्क चालु ४६,८०,०००।- शहरी शासकीय तथा क्षमता विकास कार्यक्रम, र सामाजिक परिचालन कार्यक्रम समेतको केन्द्रिय अनुदान तर्फ रु १,४७,६०,२२१।८४ जगेडा कोष कार्यक्रम, र सडक वोर्ड कार्यक्रम समेतको केन्द्रिय श्रोत तर्फ रु १,५०,२६,०००।- जगेडा कोष तथा सडक वोर्ड कार्यक्रम समेतमा भएको जनसहभागिता तर्फ रु ६८,११,१९९।- फोहेरमैला व्यवस्थापन , शान्ती पार्क निर्माण, राजश्व सुधार ,शहरी स्वास्थ्य केन्द्र सञ्चालन शान्ती समिति कार्यक्रम लगायतका अन्य विभिन्न केन्द्रीय श्रोत तर्फ रु ७८,६७,६१६।- सामाजिक सुरक्षा तर्फ रु ८१,९९,६६०।- उदियमान नगर परियोजना अन्तर्गत नगरविकास कोषवाट प्राप्त ऋृण तर्फ रु १,८४,२८,४१४।- र अनुदान तर्फ रु ४,१५,२०,३८८। र शहरी गरिवि न्युंनिकरण कोष लगायतका विभिन्न कोषहरु, शहरी स्वास्थ्य केन्द्र सञ्चालन, वडा कार्यालय सञ्चालन कोष र न.पा. कोष समेत आ.व.०७०।०७१ वाट आ.व. २०७१।०७२ का लागि जिम्मेवारी सरी आएको रु १,७८,६३,२८४।८१ र वेरुजु असुलीवाट प्राप्त रु ८,६५,२९०।- गरी जम्मा रु १७,०५,९५,३६९।८२ यथार्थ आय भएको छ ।

**श्रद्धेय नगरवासी दाजुभाई तथा दिदी  बहिनीहरु,**

आ.व. ०७१।०७२ मा भएको यथार्थ प्राप्ती मापनका आधारमा नगरका योजना तथा कार्यक्रमहरुलाई शहरी विकास तथा भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास, स्वास्थ्य सरसफाई तथा वातावरण, प्रशासन संगठन तथा संस्थागत विकास र राजश्व परिचालन तथा व्यवस्थापन, सामाजिक सुरक्षा वृत्ति समेतका क्षेत्रमा विभाजन गरी क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा क्षेत्रगत विनियोजनको व्यवस्था मिलाईएको थियो । गत आ.व. ०७१।०७२ को कुल यथार्थ आय रु १७,०५,९५,३६९।८२ मध्ये उपभोग, कार्यालय सञ्चालन, सेवा, अनुदान तथा पुजि निर्माण तर्फको चालु तर्फ रु १,९८,१६,००३।९९ , सडक खानेपानी भवन निर्माण लगायतको पुर्वाधार विकास तर्फ रु १०,८८,५८,९७८।२०, विद्यालय भवन, पार्क उद्यान,खेलकुद,लक्षित वर्ग सशक्तिकरण तथा सामाजिक

परिचालन समेतको आर्थिक तथा सामाजिक विकास तर्फ रु १,११,१९,९५३।- स्वास्थ्य सरसफाई वातावरण तथा ल्याण्डफिल साईट निर्माण तर्फ रु तर्फ रु ९१,६५,८४३।- सामाजिक परिचालन तथा संस्थागत क्षमता विकास तर्फ रु ५३,६५,७२६।८४, राजश्व सुधार तर्फ १३,३७,४५६।१८, सामाजिक सुरक्षा तर्फ रु ८१,९९,६६०।- र शहरी स्वास्थ्य केन्द्र सञ्चालन लगायतका अन्य विभिन्न कार्यक्रम सञ्चालन समेत तर्फ रु १५,३७,१९०।- शहरी गरिवि न्युनिकरण कोष परिचालन तर्फ १९,९०,३१०।- गरी जम्मा रु १६,७३,९१,१२१।०१ यथार्थ खर्च भै चालु आ.व. ०७२।०७३ का लागि भुक्तानी दायित्व सहित विभिन्न कोष तर्फ मौज्दात रु ५५,७५,७४२।- चालु आ.व. ०७२।०७३ का लागि जिम्मेवारी सरी आएको र भुक्तानी बाँकी दायित्व २४,९४,५५५।- सरि आएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

**श्रद्धेय नगरवासी दाजुभाई तथा दिदी बहिनीहरु,**

यस अवसरमा आ.व. २०७१।०७२ तथा यसपुर्व नगरपालिकावाट भए गरेका केहि महत्वपुर्ण कार्यहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

आफ्नै भवनवाट कार्यसम्पादनको थालनी, नगरलाई खुला दिसामुक्त क्षेत्र घोषणा, नगर क्षेत्रका जेष्ठ नागरिकको निशुल्क आँखा जाँचका लागि अक्षयकोष स्थापना, नगरको शहरी क्षेत्रमा दुई आना भन्दा कम क्षेत्रफलमा नक्सा स्वीकृति नदिने व्यवस्था, समयमा र सवै भन्दा वढी कर तिर्ने एक करदातालाई सम्मान, दशकौं लामो समस्याको रुपमा रहेको माझी वस्ती व्यवस्थापनका लागी जग्गा खरिद, तथा माझी वस्ती पुनस्थापनाको लागी नगर विकास कोषसंगको साझेदारीमा वस्ती विकासको प्रकृयागत थालनी, वृहत वसपार्क निर्माणका लागी जग्गादाताहरुवाट १७.५ रोपनी जग्गा निशुल्क रुपमा प्राप्ती, नगरको ग्रामिण क्षेत्रलाई शहरी सेवा सुविधाको पंहुचमा वृद्धि गर्नका लागी वागलुङ नगर चक्रपथ स्तरोन्नती, शहीदहरुको सम्मानमा स्थापित शहिद स्मृति पार्कको स्तरोन्नतीको लागि नेपाल सरकार विश्व वैंक र वागलुङ नगरपालिकाको संयुक्त प्रयाशमा शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम अन्तर्गत उदियमान नगर परियोजनाको कार्यान्वयन, नगर चक्रपथमा नगर वस सञ्चालन, एकीकृत सम्पत्ति कर प्रणालीको कार्यान्वयन, नगरका वालविकास केन्द्रहरुको दिगो व्यवस्थापनका लागि अक्षय कोषको स्थापना, नगरका विपन्न वर्गलाई लक्षित गरी शहरी गरिवी न्युनिकरण कोष स्थापना, र सहुलियतपूर्ण व्याजदरमा व्यवसायीक ऋृण प्रवाह, कालो प्लाष्टिक मुक्त नगरको घोषणा, ल्याण्डफिल साईट निर्माणका लागि आफ्नै जग्गाको व्यवस्था,जस्ता उपलव्धीहरुलाई उल्लेख गर्न चाहन्छु ।

श्रद्धेय नगरवासी दाजुभाई तथा दिदी बहिनीहरु,

अव म चालु आ.व. ०७२/०७३ का लागि संशोधित आय व्यय विवरण तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु स्थानीय कर दस्तुर तर्फ रु १,४५,००,०००।- ,राजश्व बाँडफाँड तर्फ रु ७१,००,०००।- केन्द्रिय अनुदान तर्फ न.पा.अनुदान चालु तथा पुंजिगत अनुदान तर्फ रु २,३८,९१,००,०००।-, शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम तर्फ रु ७४,३०,०००।- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु ३५,१७,३००।- जगेडा कोष कार्यक्रम तर्फ रु

१,७०,००,०००।- सडक वोर्ड कार्यक्रम तर्फ रु ३९,००,०००।- , शहरी स्वास्थ्य केन्द्र सञ्चालन तर्फ रु ६,२४,०००।- सामाजिक सुरक्षा तर्फ रु १,६१,७०,०००।- उदियमान नगर परियोजना अन्तर्गत नगर विकास कोषवाट प्राप्त हुने ऋृण तर्फ रु १,५५,०४,३११।८९ र अनुदान तर्फ रु ३,२८,९९,२४४।०७, जनसहभागिता जगेडा कोष कार्यक्रम , सडक वोर्ड कार्यक्रम र सडक वत्ति जडान कार्यक्रम समेत तर्फ रु १,४६,९६,४२८।- र गत वर्षवाट जिम्मेवारी सरी आएको वडा कार्यालय सञ्चालन कोष तर्फ रु १,२३,०३१।८१, शहरी गरिवि न्युनिकरण कोष तर्फ रु ४०,५०,०००।- शहरी स्वास्थ्य केन्द्र सञ्चालन कोष तर्फ रु १२,४८,०००।- नगरपालिका कोष तर्फ रु २१,२१,७३०।- र अन्य विभिन्न कोष तर्फ रु ८,०६,०३९।- गरी जम्मा रु १६,५५,८१,०८४।८१ संशोधित आय, अनुमान प्रस्ताव गरिएको छ ।

श्रद्धेय राजनैतिक दलका प्रमुख एव्र प्रतिनिधिज्यूहरु एवं नगरवासी दाजुभाई तथा दिदी बहिनीहरु,

आ.व. ०७२।०७३ का लागि गरिएको संशोधित अनुमानका आधारमा नगरको समग्र लगानीलाई प्रशासन संगठन तथा संस्थागत विकास,शहरी विकास तथा भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास, स्वास्थ्य सरसफाई तथा वातावरण, र राजश्व परिचालन तथा व्यवस्थापन, सामाजिक सुरक्षा वृत्ति समेतका क्षेत्रमा विभाजन गरी क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा क्षेत्रगत विनियोजनको व्यवस्था मिलाईएको छ । चालु आ.व. ०७२।०७३ को कुल अनुमानीत आय रु १६,५५,८१,०८४।८१ मध्ये उपभोग, कार्यालय सञ्चालन, सेवा, अनुदान तथा पुजि निर्माण तर्फको चालु तर्फ रु २,९५,८२,०००।- कुल वजेटको ११.८२ प्रतिशत, भवन निर्माण तथा मर्मत सुधार तर्फ रु ६५,२८,९९९।- सडक निर्माण उदियमान नगर परियोजना समेत गरी रु ५,८४,६७,२४१।- जगेडा कोष कार्यक्रम अन्तर्गत जनसहभागिता समेतमा रु ३,००,००,०००।-, पैदल मार्ग निर्माण सुधार तर्फ रु १५,७५,०००।- सडक नाली निर्माण तर्प रु १६,००,०००।- गरी पुर्वाधार विकास तर्फ रु १०,०४,८४,९८३।- कुल वजेटको ६०.६८ प्रतिशत, स्वास्थ्य सरसफाई तथा वातावरण तर्फ ४४,५०,०००।-, कुल वजेटको २.६८ प्रतिशत , खानेपानी तर्फ १४,५०,०००।-, शहरी गरिवि न्युनिकरण कोष परिचालन तर्फ रु ४०,५०,०००।-, पार्क उद्यान निर्माण तथा सञ्चालन उदियमान नगर परियोजना समेत गरी ३१,१३,२७०। , महिला वालवालिका, दलित जनजाती जेष्ठ नागरिक फरक क्षमता भएका तथा पिछडिएका वर्ग सशक्तिकरण तर्फ २०,६३,०००।- माझी वस्ती पुनस्थापना तर्फ रु १०,००,०००।- सार्वजनिक नीजि साझेदारी विकास तथा व्यवसायिक सुरक्षाका लागी विभिन्न चोक चोकमा सि.सि. क्यामरा जडान तर्फ ७,९०,००।- सामाजिक परिचालन तर्फ रु ३७,९७,३००।- गत वर्षवाट दायित्व सरी आएको योजनाहरुको भुक्तानी दायित्व तर्फ २१,२१,७३०।- खेलकुद तथा संस्कृति तर्फ रु ३,५०,०००।- पुस्तकालय व्यवस्थापन सडक वत्ति जडान तथा मर्मत सुधार समेत गरी आर्थिक तथा सामाजिक विकास तर्फ रु १,८१,४७,७७३।- कुल वजेटको १०.९६ प्रतिशत, सुशासन तथा पारदर्शिता तर्फ २,००,०००।- विभिन्न कोष व्यवस्थापन तर्फ १४,०६,०३९।- सवारी साधन खरिद समपुरक कोषमा रु २०,००,०००।- सवारी साधन खरिद तर्फ रु ३,००,०००।- शहरी स्वास्थ्य केन्द्र सञ्चालन तर्फ रु १८,७२,०००।-, वडा कार्यालय सञ्चालन कोष मौज्दात तर्फ रु १,२३,०३१।८१ सामाजिक सुरक्षा तर्फ वृत्ति तर्फ रु १,६१,७०,०००।- सौर्य उर्जा व्यवस्थापन, वारुण यन्त्र सञ्चालन, प्राकृतिक प्रकोप नियन्त्रण, वसपार्क

गुरुयोजना निर्माण, राजश्व बाँडफाँड फिर्ता, कर्मचारी क्षमता विकास लगायतका विभिन्न क्षेत्रमा रु १०,६५,०००।- सञ्चालन खर्च रु १२,९५,०००।-गरी जम्म रु १६,५५,८१,०८४।८१ क्षेत्रगत विनियोजन हुने गरी व्यवस्था मिलाईएको छ ।

**श्रद्धेय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु एवं नगरवासी दाजुभाई तथा दिदी बहिनीहरु,**

चालु आ.व. को वित्तीय अवस्था माथि उल्लेख गरिए बमोजिम भएतापनि हालसम्म सम्पादित कार्यक्रमहरुका साथै नगरपालिको लिएका नीति एवं लक्ष्य बमोजिम निम्नानुसारका कार्यक्रहरुलाई यस आ.व. बाटै कडाईका साथ अवलम्बन गरिने प्रतिवद्धता यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु

१. नगरपालिकाको आन्तरिक कर प्रणालीलाई सवल, सक्षम र प्रभावकारी तुल्याउनका लागि करको दायरालाई विस्तार गर्दै व्यवसायीक करमा आवद्ध नभएका सवै व्यवसायीहरुलाई करको दायरामा ल्याउने, करका दरहरुलाई समयानुकुल शंसोधन गरिने, एकीकृत सम्पत्ती कर असूलीमा कडाईको नीति अवलम्बन गरिने र घर वहाल करलाई समेत प्रभावकारी तुल्याउदै स्वयं घोषणाको नीति अवलम्बन गर्दै नगरपालिकाको आन्तरिक क्षमता अभिबृद्धि गरिनेछ ।

२. नगरपालिकाको दीर्घकालिन अय आर्जनको संभावना बोकेका क्षेत्रहरुको पहिचान गरी सोको उपयोग, प्रयोग र विकास गरी नगरपालिकाको आत्मनिर्भरता कायम गर्दै लगिने छ ।

३. नगरपालिकाको आर्थिक सामाजिक विकासको मेरुदण्डको रुपमा रहेको शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम, उदीयमान नगर परियोजना मार्फत निर्माणधिन नगर चक्रपथको ८.०० कि.मि सडक स्तरोन्नती सहित शहीद स्मृति पार्कको निर्माण कार्य सै आ.व.मा सम्पन्न गरी संचालनमा ल्याईने छ । यद्यापि उक्त आयोजना समयमै सम्पन्न गर्ने र गुणस्तरियता कायम गर्ने सम्बन्धमा सरोकार निकायहरु लगायत स्थानीय नागरिकहरुबाट निरन्तर अनुगमन, निगरानी र खवरदारी गरी रहनु पर्ने देखिन्छ ।

४. लामो समयको प्रयासपछि बागलुङ न.पा. वडा नं. ११ दावगरामा बृहत आधुनिक वसपार्क निर्माण गर्नका लागि स्थानीय समुदायबाट यस नगरपालिका लाई १७.५ रोपनी जग्गा निःशुल्क प्राप्त भई सकेकोले सो वसपार्क निर्माण गर्नका लागि सो को समग्र गुरु योजना र बसपार्कको DPR तयार गरी लगानी गर्ने उपयुक्त निकायहरुको खोजि गरी बृहत्त वसपार्क निर्माण कार्य अगाडि बढाईने छ ।

५. पोखरा बागलुङ राजमार्ग निर्माण गर्ने क्रममा आफ्नो परम्परागत बस्ती खनियावासवाट विस्थापित भई बा.न.पा. १ बाङ्गेचौर स्थित खेल मैदानमा अव्यवस्थित रुपमा बसोबास गर्दै आईरहेका सीमान्तकृत माझी जातिको पुनस्थापनका लागि व्यवस्थित बस्ती विकास कार्यक्रम सम्पन्न गर्न नगरपालिका र नगर विकास कोषको संयुक्त लगानीमा १४ (चौध) घरहरु निर्माण गरी सो बस्तीलाई खनियावासमा नै पुनःस्थापित गर्ने कार्य प्रकृया अगाडि बढाईने छ ।

६. फोहरमैला तथा सरसफाई व्यवस्थापन कार्यमा नागरिकहरुको सहभागितालाई अभिबृद्धि गरी चालु आ.व. मै फोहरमैला संकलन तथा व्यवस्थापन कार्यमा सार्वजनिक नीजि साझेदार मोडलमा नीजि क्षेत्रसग सहकार्य गर्दै शुल्कमा आधारित फोहरमैला प्रणालीलाई अवलम्बन गरिने छ ।

७. नगरको सवै वडाहरुमा सामाजिक परिचालन कार्यक्रम लागु भई सकेकोले सो कार्यक्रम लाई सशक्त र प्रभावकारी रुपमा संचालन गरी आर्थिक तथा सामाजिक रुपले अति विपन्न र वाञ्चितीमा परेका समुदायको आय आर्जन, क्षमता विकास र सशक्तिकरण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

८. वडा नागरिक मंञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास समिति मार्फत नगरपालिकाबाट संचालित आयोजनाहरुलाई प्रभावकारी एवं पारदर्शी रुपमा संचालन गर्न योजना खाता प्रणाली लागु गरी अनिवार्य रुपमा अनुगमन समिति गठन गर्नु पर्ने, रकम भुक्तानीमा सो को प्रतिवेदन समेत संलग्न गर्नु पर्ने र सार्वजनिक परीक्षण सरोकारवाला वर्गको व्यापक उपस्थितिमा गराई खर्च अनुमोदन गर्नु पर्ने व्यवस्थालाई कडाईसाथ लागु गरिने छ ।

९. नगरलाई उज्यालो वनाउने प्रयास स्वरुप नगरपालिका भित्रका मुख्य मुख्य सडक तथा वजार क्षेत्रमा विस्तार गरिएका सडक वत्तीहरुलाई क्रमशः सौर्य वत्तीहरुले विस्थापित गर्दै लगिने छ । साथै यसै आ.व.मा नगरपालिका लाई पूर्ण साक्षर नगरपालिका घोषाणा गरिने छ ।

१०. यस नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरी उक्त जग्गाहरुको संरक्षण एवं सम्बद्धन गर्न आवश्यक पहल गरिने छ । साथै सडकहरुको लगत कट्टा गर्ने कार्यलाई वडागत रुपमा क्रमशः अगाडि वढाईने छ ।

११. बागलुङ नगरमा संचालित साना शहरी खानेपानी आयोजनाको पाईप लाईन विस्तार गर्ने क्रममा अव्यवस्थित वनेका शहरी क्षेत्रका पीच बाटोहरुको निर्माण एवं मर्मत संम्भार गर्ने कार्यलाई नगरपालिका, सरोकारवाला निकाय एवं स्थानीयहरुको सहभागितामा प्राथमिकताका साथ अगाडि वढाईने छ ।

१२. २०७२ वैशाख १२ मा गएको विनाशकारी भूकम्पबाट जनधनको अपूरणीय क्षति भएको छ । यसले हाम्रा संरचनाहरु निर्माण गर्दा पालना गर्नु पर्ने मापदण्ड र भु कम्पीय सुरक्षाका विषयमा कुनै पनि हालतमा ढिलो नगरी सुरक्षित निर्माण कार्य गर्नु पर्ने महत्वपूर्ण पाठ सिकाएको छ । यसै सन्र्दभमा नेपाल सरकारबाट बस्ती विकास, शहरी योजना तथ भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ लागु भइसकेको सो मापदण्ड अनुसार यस नगरपालिकाको २० औ नगरपरिषद्बाट पारित गरी बागलुङ न.पा. को भवन तथा योजना मापदण्ड तय गरी सकिएकोले सो मापदण्डलाई कडाईकासाथ कार्यान्वियन गर्दै भुकम्प प्रतिरोधी घर निर्माणमा जोड दिई भवन निर्माण संहिताको पालना गरिने छ ।

१३. नगरपालिकाको मुख्य कार्यालय बजार केन्द्रबाट केहि टाढा रहेकोले नगरपालिकाबाट प्रवाह हुने सेवामा जनताको सहज पहुच स्थापना गर्नका लागि पार्कको समीक्षालय भवनमा न.पा. को सेवा केन्द्र स्थापना गरी सेवा प्रवाहको कार्य भईरहेकोमा नगरपालिकाको मुख्य कार्यालय सम्बन्धमा जनमानसबाट केही प्रश्नहरु उब्जिएकोले सो सम्बन्धमा सेवा प्रवाहलाई सहज सरल र पहुँचयोग्य तुल्याउनका लागि आवश्यकताका आधारमा अन्य वडाहरुमा समेत थप संयुक्त वडा कार्यालयहरुको स्थापना शसक्तिकरण गरिने एवं नगरपालिकाको मुख्य कार्यालयको कार्य क्षेत्रमा कमी आउन नदिई कुन कुन स्तरका सेवा कुन कुन कार्यालयबाट सम्पादन गरिने स्पष्ट देखिने गरी व्यवस्थापन गरिने छ ।

१४. बागलुङ नगर क्षेत्रको उद्योग तथा व्यापार व्यवशायको विकास, विस्तार, प्रवर्द्धन र व्यवसायीक सुरक्षा प्रदान गर्न बागलुङ उद्योग वाणिज्य संघ सग सहकार्य गरी बजारका मुख्य चोकहरुमा सि.सि. क्यामरा जडान गर्ने कार्यलाई प्राथमिकरण साथ संचालन गरिने छ ।

१५. बागलुङ बजारका सडक चोकहरुमा अव्यवस्थित रुपमा रहेका विद्युत, टेलिफोन, केवुल लाईनका तार तथा पोलहरुलाई व्यवस्थित गरी बजारलाई सुन्दर र सुरक्षित वनाउनका साथै नगरक्षेत्रभित्र रहेका जीर्ण विद्युत पोलहरुलाई विस्थापित गरी नयाँ पोल राख्ने कार्यका लागि सरोकारवाला निकायहरुसंगको सहकार्यमा कार्यक्रम संचालन गरिने छ ।

१६. यस पूर्व नै बागलुङ नगरलाई कालो प्लाष्टिक मुक्त नगर घोषण गरी सकिएकोमा निश्चित मापदण्ड भित्रका सवै प्रकारका प्लाष्टिकलाई निषेध गर्नका लागि उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संग समन्वय गरी प्रभावकारी कार्यक्रम अगाडि वढाईने छ ।

१७. यस नगरपालिकामा रहेका पर्यटकीय संभावनाका क्षेत्रहरु पहिचान, प्रवर्द्धन र विकास गर्नका लागि चालु आ.व.मा नै सो को पर्यटन गुरु योजना तयार गरी अन्य आवश्यक प्रकृया अगाडि वढाईने छ ।

१८. सम्रग नगरको वस्तु स्थिति झल्कने गरी GIS Map तयार गर्ने, नगर क्षेत्रभित्र रहेका सडकहरुको वस्तु स्थिति झल्कने गरी नगर सडक गुरुयोजना तयार गर्ने कार्य यसै चालु आ.व. मा सम्पन्न गरिने छ साथै मेट्रिक सिस्टममा आधारित घर नम्वरीङ प्रणालीलाई शुरुवात गरी आगामी आ.व. सम्ममा यस नगरका सवै शहरी वडाहरुमा घर नम्बरीङ कार्य सम्पन्न गरिने छ ।

श्रद्धेय नगरवासी दाजुभाई तथा दिदी वहिनीहरु :

आगामी आ.व. २०७३/०७४ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि प्रस्ताव गर्दा विगतमा सम्पन्न नगरपरिषदहरुबाट स्वीकृत शहरी विकास तथा भौतिक पूर्वाधार नीति, कृषि, पशु तथा सहकारी नीति, पर्यटन, युवा तथा खेलकुद र शिक्षा नीति, महिला, वालवालिका तथा विपन्न दलित, आदिवासी, जनजाती, अपाङ्ग, पिछडिएको वर्ग सम्बन्धी नीति, संचार क्षेत्र एवं पत्रकारिता नीति, सार्वजनिक नीजि साझेदारी नीति, सुशासन तथा संगठन विकास नीति, सामाजिक परिचालन तथा टोल विकास नीति, वातावरण जनस्वास्थ्य तथा सरसफाई नीति र अन्य विविध क्षेत्रगत नीतिहरुलाई निरन्तरता दिदै थप केही नीतिहरु प्रस्ताव गरिएको छ । क्षेत्रगत नीतिहरुको विस्तृत विवरण नगर

योजना पुस्तकमा उल्लेख गरिनेछ । उल्लेखित नीतिहरुसंग तादात्म्यता कायम हुने गरी नगरका समग्र कार्यक्रमहरु तय गरी क्षेत्रगत विनियोजनको व्यवस्था मिलाईएको छ । चालु आ.व. मा थप गरिएका केहि नीति तथा कार्यक्रमहरुलाई मात्र यहाँ संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

१. सहभागितात्मक योजना तर्जुमाका चरणहरु पुरा गरी आएका सडक, खानेपानी, सिंचाई, तटवन्धन, भवन, लगायतका भौतिक पूर्वाधारका योजनाहरु बजेटको सीमा र परिधिभित्र रही प्राथमिकताको आधारमा निर्माण तथा संचालन गरिनेछ ।

२. ठूला आयोजनाहरुको कार्यान्वयन पूर्व त्यस्ता आयोजनाहरुको संभाव्यता अध्ययन एवं वातावरणीय प्रभाव समेतको मूल्याकंन गरी कार्यान्वयन गरिनेछ ।

३. नगर यातायात गुरुयोजना, शहरी गरिवी न्यूनीकरण योजना, व्यवस्थित वस्ती विकास योजना, भू-उपयोग योजना, मर्मत संभार योजना, राजश्व प्रवर्द्धन योजना, नगर पर्यटन गुरुयोजना तयार गरी कार्यान्वयन तर्फ आवश्यक पहल गरिनेछ ।

४. वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ लाई पूर्ण रुपले पालना गर्दै समायानुकुल परिमार्जन गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

५. नगरलाई पूर्ण सरसफाई युक्त एक सभ्य र सुसंस्कृत नगरको रुपमा विकास गर्ने, पूर्ण खोपयुक्त नगर घोषणा गर्ने, पूर्ण साक्षर नगरको घोषणा गर्ने, भान्सामा धुवाँ रहित चुलोको नगर घोषणा गर्ने जस्ता कार्यहरुलाई प्राथमिकताका साथ संचालन गरिने नीति अवलम्वन गरिने छ ।

६. व्यवशायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरी कृषि व्यवसायबाट कृषकहरुको स्तरोन्नती हुने किसिमका आधुनिक, वैज्ञानिक कृषि प्रणालीका कार्यक्रमहरु संचालन गरिनेछ ।

७. समाजमा सहकारीताको विकास गराई समुदायमा आधारित सहकारी संस्था एवं सहकारी उद्यमको विकासका लागि विशेष गरी महिला तथा युवा वर्गलाई प्रोत्साहन गरिनेछ । साथै टोल विकास संस्थाहरुको संस्थागत क्षमता विकास गर्दै लगी क्रमश : सहकारीकरण गर्न सहयोग पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।

८."मध्यपहाडी व्यापारिक तथा पर्यटकीय शहर सुन्दर समृद्ध सांस्कृतिक नगर" भन्ने नगरपालिकाको दिर्घकालीन भिजनले बोकेको महत्वको साारलाई आत्मसात गरी नगरको पर्यटन गुरुयोजना तयार गरी यस नगरलाई व्यापारिक तथा पर्यटन केन्द्रको रुपमा विकास गर्दे लैजाने गरी लगानी केन्द्रीत गर्दे लगिने छ ।

९. खेलकुद विकास समितिको समन्वयमा खेलकुद क्षेत्रको विकास एवं प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ । युवाहरुलाई स्वरोजगारमूलक क्रियाकलापहरु एवं सामाजिक परिवर्तनका वाहकको रुपमा परिचालन गर्ने नीति अवलम्वन गरिने छ ।

१०. लैंगिक विकासका लागि समानुपातिक व्यवहार, लैंगिक बजेट र शसक्तिकरणका साथ विकासका हरेक क्रियाकलापहरुमा महिलाहरुको सहभागितालाई अभिवृद्धि गर्दै उनीहरुको पहुंच अभिवृद्धि गरिनेछ ।

११. वालश्रम न्युनिकरण एवं वालमैत्री क्रियाकलाप सघन रुपमा अगाडि बढाउदै वालवालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारलाई स्थानीय स्तरमा प्रवर्द्धन गर्दै लगिनेछ ।

१२. फरक क्षमता भएका/विपन्न/दलित/आदिवासी, जनजाती/मुश्लिम/सीमान्तकृत वर्गको हक अधिकार प्रवर्द्धन भेदभावको अन्त्य एवं विकास निर्माण प्रक्रियामा समावेशीकरण र सहभागिता सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।

१३. दलित/आदिवासी/जनजाति वर्गहरुको परम्परागत सीप विकास, भाषा संस्कृतिको संरक्षण, सम्वर्द्धन गर्दै सामाजिक विकासमा सहयोग पुऱ्याउने नीति अख्तियार गरिनेछ ।

१४. स्थानीय एफ. एम. रेडियो, टेलिभिजन, पत्रपत्रिकाको संस्थागत विकासका लागि संचारकर्मी एवं पत्रकारिताको क्षमता विकास अभिवृद्धि गर्न आवश्यक कार्यहरु अगाडि बढाईने छ । साथै नगरका गतिविधिहरुको प्रकाशन तथा प्रसारण गर्दै प्रेश मिट कार्यक्रमलाई निरन्तरता दिंदै पारदर्शिता प्रवर्द्धन गरिनेछ ।

१५. फोहरमैला तथा सरसफाई व्यवस्थापन कार्यलाई सार्वजनिक नीजि साझेदारीको मोडेलमा संचालन गरी उत्पादित फोहरको प्रकृति, परिमाण आदिका आधारमा शुल्क लिने व्यवस्थाका साथ शुल्कमा आधारित फोहर प्रणाली लागु गरिने छ ।

१६. यस नगरपालिका क्षेत्रभित्र रहेका मनोरञ्जन पार्क, सार्वजनिक शौचालय, सामूदायिक सेवा केन्द्र, पुस्तकालय, वसपार्क आदिको निर्माण एवं संचालन गर्न साझेदारी मोडेल तय गरी आवश्यक प्रक्रिया अगाडि बढाईने छ ।

१७. यस नगरपालिकाको प्रशासनिक तथा सांगठनीक संरचना र संस्थागत प्रणाली सवल, सक्षम, मितव्ययी र प्रभावकारी तुल्याउँदै सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमुखी बनाउँदै व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईने छ ।

१८. नगरपालिकाका सबै वडाहरुमा सामाजिक परिचालन कार्यक्रम लागु भई सकेकोले टोल विकास संस्था, वडा नागरिक मञ्च एवं नागरिक सचेतना केन्द्रहरुको प्रभावकारी रुपमा संचालन गरी

उनीहरुको सहयोग, समन्वय र सक्रियतामा क्षमता विकास र सामूदायिक विकासका कार्यक्रमहरु संचालन गरिने छ ।

१९. समग्र आर्थिक प्रशासन (बजेट, लेखा व्यवस्थापन, लेखा परीक्षण) लाई सवल, सक्षम, मितव्ययी, प्रभावकारी, उत्तरदायी र नतीजामुखी तुल्याउँदै प्रशासनिक खर्चलाई नियन्त्रण गरी वान्छित सीमाभित्र ल्याईनेछ  र राजश्वका श्रोतहरुको पहिचान र परिचालन गरी नगरपालिकाको आन्तरिक श्रोत वृद्धि गर्दै जाने नीति अवलम्वन गरिनेछ ।

२०. सरसफाईमा यस नगरलाई नमूना नगरको रुपमा विकास गरिनेछ । सरसफाई व्यवस्थापन कार्यमा नागरिकहरुको सहभागितालाई अभिवृद्धि गरी केहि टोलहरुलाई नमूना टोलको रुपमा स्थापित गर्दै जाने, फोहरको कम उत्सर्जन गर्ने, श्रोतमै वर्गीकरण गर्ने, घरघरमै फोहरको व्यवस्थापन गर्न समूदाय एवं फोहरमैला व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरिने छ ।

२१. स्वास्थ्य र सरसफाई सम्बन्धी जनचेतना अभिवृद्धि गरी एच. आई. भी./एड्स, लागु पदार्थ तथा दुर्व्यसनी नियन्त्रण र हेरचाह एवं आधारभूत स्वास्थ्य सेवाका लागि विभिन्न स्वास्थ्य संस्थाहरुसंग सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।

२२. नगरपालिका क्षेत्रभित्र आकस्मिक रुपमा आईपर्ने समस्याहरुको व्यवस्थापनका लागि दैवी प्रकोप उद्धार कोष, मर्मत संभार कोष, विपद व्यवस्थापन कोष मानव सशाधन कोष वालमैत्रि कोष एकल महिला हित कोष महिला कोष जलवायु अनुकुलन कोष वारुणयन्त्र संचालन कोषहरुको स्थापना गरी कोषहरुलाई प्रभावकारी संचालनमा ल्याईने छ ।

## आदरणीय नगरवासी दाजुभाई तथा दिदी वहिनीहरु

अव म आगामी  आ.व. ०७३/०७४ लागि अनुमानीत आय, व्यय विवरण र योजना तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**आय तर्फ**

आगामी  आ.व. ०७३/०७४ स्थानीय कर दस्तुर तर्फ रु १,५२,००,०००।- ,राजश्व बाँडफाँड तर्फ रु ६८,००,०००।- केन्द्रिय अनुदान तर्फ न.पा.अनुदान चालु तथा पुंजिगत अनुदान तर्फ रु २,४५,०९,०००।-, शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम तर्फ रु ७४,३०,०००।- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु ३५,१७,३००।- जगेडा कोष कार्यक्रम तर्फ रु १,७०,००,०००।- सडक वोर्ड कार्यक्रम तर्फ रु ३९,००,०००।- , शहरी स्वास्थ्य केन्द्र सञ्चालन तर्फ रु ६,२४,०००।- सामाजिक सुरक्षा तर्फ रु १,६५,००,०००।- जनसहभागिता जगेडा कोष कार्यक्रम , सडक वोर्ड कार्यक्रम र सडक वत्ति जडान कार्यक्रम समेत तर्फ रु १,४७,३९,२८६।- र गत वर्षवाट जिम्मेवारी सरी आएको वडा कार्यालय सञ्चालन कोष तर्फ रु १,२३,०३१।८१, शहरी गरिवि न्युनिकरण कोष

तर्फको (रिभल्भीङ फण्ड) रु ४१,००,०००।- गरी जम्मा रु ११,४५,४२,६१७८१ आय, अनुमान प्रस्ताव गरिएको छ ।

**व्यय तर्फ**

अव म आ.व. २०७३।०७४ का लागि अनुमानीत नगरको समग्र लगानीलाई प्रशासन संगठन तथा संस्थागत विकास,शहरी विकास तथा भौतिक पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास, स्वास्थ्य सरसफाई तथा वातावरण, र राजश्व परिचालन तथा व्यवस्थापन, सामाजिक सुरक्षा वृत्ति समेतका क्षेत्रमा विभाजन गरी क्षेत्रगत नीति तथा कार्यक्रमका आधारमा क्षेत्रगत विनियोजनको व्यवस्था मिलाईएको छ । आगामी आ.व. २०७३।०७४ को कुल अनुमानीत आय रु ११,४५,४२,६१७८१- मध्ये उपभोग, कार्यालय सञ्चालन, सेवा, अनुदान तथा पुजि निर्माण तर्फको चालु तर्फ रु २,०६,००,०००।- कुल वजेटको १७.९८. प्रतिशत, भवन निर्माण तथा मर्मत सुधार तर्फ रु ३०,३३,०००।- सडक निर्माण तथा मर्मत सुधार तर्फ रु १,०८,६६,२४६।- जगेडा कोष कार्यक्रम अन्तर्गत जनसहभागिता समेतमा रु ३,००,००,०००।-, पैदल मार्ग निर्माण सुधार तर्फ रु १४,५०,०००।- सडक नाली निर्माण तर्फ रु २०,५२,०००।- गरी भौतिक पुर्वाधार विकास तर्फ रु ४,७४,०१,२४६।- कुल वजेटको ४१.३८ प्रतिशत, स्वास्थ्य सरसफाई तथा वातावरण तर्फ ४८,९१,०००।- कुल वजेटको, ४.२७ प्रतिशत, खानेपानी तर्फ २३,३०,०००।- शहरी गरिवि न्युनिकरण कोष परिचालन तर्फ रु ४१,००,०००।-, पार्क उद्यान निर्माण तथा सञ्चालन र वालविकास केन्द्र वाहिरी खेल संरचना निर्माण तर्फ १२,९९,०००।- सिञ्चाई तर्फ १,५०,०००।- प्राकृतिक प्रकोप नियन्त्रण तर्फ रु ११,००,०००।- महिला वालवालिका, दलित जनजाती जेष्ठ नागरिक फरक क्षमता भएका तथा पिछडिएका वर्ग सशक्तिकरण तर्फ २०,३७,०००।- माझी वस्ती पुनस्थापना तर्फ रु ७,००,०००।- सार्वजनिक नीजि साझेदारी विकास तथा व्यवसायीक प्रवर्धन तर्फ रु ६,००,०००।-, सामाजिक परिचालन तर्फ रु ३७,९७,३००।- खेलकुद तथा संस्कृति तर्फ रु ३,७५,०००।- शहरी स्वास्थ्य केन्द्र सञ्चालन तर्फ रु ६,२४,०००।-, पुस्तकालय व्यवस्थापन सडक वत्ति जडान तथा मर्मत सुधार मानव अधिकार संरक्षण समेत तर्फ रु २,२५,००० गरी आर्थिक तथा सामाजिक विकास तर्फ रु १,७३,३७,३००।- कुल वजेटको १५.१३ प्रतिशत, समपुरक कोष तर्प रु २९,००,०००।- सुशासन तथा पारदर्शिता तर्फ ६,२५,०००।- विभिन्न कोष व्यवस्थापन तर्फ ५,५०,०००।- पर्यटन विकास २,५०,०००।- कर तथा उपभोक्ता शिक्षा मा १,२५,०००।- वडा कार्यालय सञ्चालन कोष मौज्दात तर्फ रु १,२३,०३१।८१ सामाजिक सुरक्षा तर्फ तर्फ रु १,६५,००,०००।- नगर विकस कोषलाई व्याज भुक्तानी रु ३,७७,०००।- भौगोलिक सूचना प्रणाली व्यवस्थापन तर्फ रु २,००,०००।- वारुण यन्त्र सञ्चालन, राजश्व वाँडफाँड फिर्ता, लगायतका विभिन्न क्षेत्रमा रु ११,२४,०००।-सञ्चालन खर्च रु ११,९५,०००।- गरी जम्मा रु ११,४५,४२,६१७८१ .विनियोजन हुने गरी व्यवस्था मिलाईएको छ ।

यस सम्बन्धी आय व्यय तथा योजनाहरुको विस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरिएको छ ।

## आदरणीय नगरवासी दाजुभाई तथा दिदी वहिनीहरु :

कुनै एक क्षेत्रको विकासले मात्र समग्र नगरपालिकाको विकास हुन नसक्ने वस्तुगत यथार्थतालाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सवै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । यसबाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्नजाने विश्वास लिईएको छ । अर्को तर्फ सीमित श्रोत र साधनलाई प्राथमिकताको आधारमा बांडफांड गर्दा श्रोत छिरोलिन गएको भन्ने आलोचनाबाट मुक्त हुन आगामी दिनहरुमा थप श्रोतको पहिचान र परिचालनमा ध्यान दिनु पर्ने देखिन्छ । त्यस्तै यस नगरपालिकाको दीर्घकालिन विकासका लागि नगरपालिकाको श्रोतले भ्याउन नसक्ने जिल्ला स्तरीय आयोजनाहरुका लागि जिल्ला विकास समिति एवं जिल्ला स्तरीय विषयगत कार्यालयहरु र केन्द्रिय स्तरका आयोजनाहरुका लागि आवश्यक पहलका लागि सरोकारवाला वर्ग एवं माननीय सांसद ज्यूहरु मार्फत हार्दिक अनुरोध गर्न चाहन्छु । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होईन यसको लक्ष्य एवं उद्देश्य प्राप्तीका लागि प्रभावकारी कार्यान्वयन एवं अनुगमन, मूल्याकंन जरुरी हुन्छ । यसका साथै संस्थागत, नीतिगत कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छ । उपरोक्त नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा सदाभ्कै सम्पूर्ण नगरवासीहरु एवं सम्बद्ध सवै पक्षहरुबाट सहयोग, सल्लाह, सुभ्काव एवं सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने चरणमा प्रत्यक्ष वा परोक्ष सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासीहरुमा धन्यवाद दिन चाहन्छु । नीति, कार्यक्रम तथा बजेट तर्जुमाका सिलसिलामा हरवखत अमूल्य सुभ्कावका साथ सहयोग दिनु हुने नगर स्तरीय राजनैतिक दलका पदाधिकारी ज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता क्षेत्रगत सूचनाको जानकारी एवं दलहरु वीच रहेको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रा लागि अत्यन्त महत्वपूर्ण रऱ्यो, यसप्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दै यस कार्यमा प्रत्यक्ष सहयोग पुऱ्याउनु हुने वडा नागरिक मञ्चका सम्पूर्ण पदाधिकारी ज्यूहरु लगायत विषयगत कार्यालयहरु, पूर्व निर्वाचित प्रतिनिधि ज्यूहरु, जिल्ला स्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाज, सामूदायिक तथा नीजि क्षेत्रका संघ संस्था, व्यवसायी, उद्यमी, समाजसेवी, वृद्धिजीवि, संचारकर्मी लगायत सहकर्मी कर्मचारी साथिहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । पुनः यस परिषदबाट प्रस्तुत नीति, कार्यक्रम तथा बजेटलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेमा बागलुङ नगरको भौतिक पूर्वाधार लगायत आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सकारात्मक प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सवै पक्षहरुबाट सदा भ्कै निरन्तर सहयोगको अपेक्षा सहित हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि श्रीमान सचिवज्यू, विशिष्ट अतिथि श्रीमान सह सचिवज्यू तथा अन्य सम्पूर्ण अतिथिज्यूहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै, पुनः सवैमा धन्यवाद सहित विदा हुन्छु ।

धन्यवाद

युवराज अधिकारी
प्रमुख एवं कार्यकारी अधिकृत
बागलुङ नगरपालिका कार्यालय, बागलुङ